गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भुम्लिचोक गोरखा २०७३

आज मिति २०८२।०४।०४ गतेका दिन, विहान ११.०० वजे गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको १४० औं (आ.व.२०८२।८३ को पहिलो) वैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका बैठक कक्षमा वस्यो । उपस्थिति र निर्णय देहाय वमोजिम रहेको छ ।

**उपस्थिति**

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | (हस्ताक्षर) |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | (हस्ताक्षर) |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | (हस्ताक्षर) |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | (हस्ताक्षर) |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | (हस्ताक्षर) |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | (हस्ताक्षर) |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | (हस्ताक्षर) |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | (हस्ताक्षर) |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | (हस्ताक्षर) |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | |
| १७ | श्री भुवन चापागाई | (सचिव) प्रमुख प्रशासकीय अधिकृत | (हस्ताक्षर) |

आमन्त्रित उपस्थिति

श्री गोपी कोइराला - योजना शाखा - गण्डकी गा.पा. (हस्ताक्षर)

## निर्णयहरु

**प्रस्ताव नं. १) पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

**निर्णय नं. १,**

चालु आ.व. २०८१।८२ को अवधिमा भएका विभिन्न निर्णयहरुको कार्यान्वयन स्थितिका वारेमा आजको यस समितिको बैठकमा छलफल भयो । समग्रमा आर्थिक वर्ष २०८२।०८३ को निर्णय तथा योजनाहरुको कार्यान्वयन अवस्था सन्तोषजनकनै रहेको पाइयो । गाउँपालिकाको कुल विनियोजन अंकको ८६.२१ प्रतिशत वित्तिय प्रगति हासिल गर्दै सम्पन्न भएको गाउँपालिकाको भौतिक पूर्वाधार तर्फ पनि सन्तोषजनक अवस्था देखिएको छ । गाउँपालिका तथा वडा गौरवका सम्पूर्ण योजनाहरु सम्पन्न भएका छन । गाउँपालिकाको आजको यो प्रगति हासिल गर्न अहोरात्र खटिनु हुने जनप्रतिनिधि तथा प्राविधिक एवं अन्य सम्पूर्ण कर्मचारीहरु, निर्माण व्यवसायी तथा उपभोक्ता समिति लगायत नागरिक समाजका संबद्ध सवैमा आजको यो वैठक हार्दिक आभार व्यक्त गर्ने निर्णय गर्दछ ।

**प्रस्ताव नं. २) चालु आ.व. २०८२।०८३ को वजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं. २**

यस गाउँपालिकाको अठारौ गाउँसभावाट चालु आ.व. २०८२।८३ मा कार्यान्वयन गर्ने गरी स्वीकृत भएका योजना तथा कार्यक्रम एवं वार्षिक समय तालिका सहितको कार्यान्वयन कार्ययोजना तयार गरी कार्यलयमा पेश गर्न र विभिन्न विषयगत शाखाहरुलाई योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने निर्देशिका तथा मापदण्डहरु तयार गरी पेश गर्ने र वडाहरुवाट सिफारिस सहित छनौट भई आएका योजनाहरु मध्ये उपभोक्ता समितिवाट गर्ने र ठेक्का प्रकिया मार्फत गर्ने योजनाहरुको किटान गरी गाउँपालिकामा पठाउने समय सिमा यही श्रावण २५ गते कायम गर्ने र सो समय सीमा भित्र तोकिए बमोजिमको व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय प्रमाणित

भुवन चाँपागाई
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ३) सार्वजनिक सुनुवाई तथा बार्षिक प्रगति समीक्षा कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. ३**

आर्थिक वर्ष २०८१।०८२ मा गाउँपालिका कार्यालयवाट प्रवाह गरिएका सेवा सुविधा र वस्तु प्रवाह तथा भौतिक पूर्वाधार विकास निर्माण लगायतका विषयमा जनताको चासो गुनासो र साझा सवाल जवाफ गर्ने कार्यक्रम सार्वजनिक सुनुवाई कार्यक्रम यहि मिति २०८२।०४।२१ गते गण्डकी गाउँपालिका स्थित गाउँपालिका सभाहलमा आयोजना गर्ने गरी आवश्यक व्यवस्था मिलाउने तथा गाउँपालिकाको वार्षिक समीक्षा र कार्यपालिका वैठक समेत सोही दिन विहान देखि आयोजना गर्ने गरी आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ विविध:**

१) एशियाली विकास बैकको अनुदान सहयोगमा प्रदेशवाट गोरखा जिल्ला स्थित लक्ष्मी वजार देखि - तीनमाने - वतासे - फुजेल- दलभज्याँग- तोलक रामपुर -वेनीगाउँ सिउरेनीटार सडक खण्ड स्तरोन्नती गर्ने कार्य चालु आ.व.मा ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गर्ने गरी प्रक्रिया अघि वढाउने जानकारीमा आएकोले उक्त कार्य छिटो गरी अघि वढाई दिन गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरामा अनुरोध गर्ने निर्णय गरियो ।

२) गण्डकी गाउँपालिका वडा नं. ५ र ६ को अधिकाँश क्षेत्रमा नेपाल टेलीकमको नेटवर्क कमजोर भई एनटिसी सेवाको सन्चार सम्पर्कमा समस्या आएकोले गण्डकी गाउँपालिका वडा नं. ६ को भैरवी डाँडामा NTC सेवाको टावर जडान गरी व्यवस्थापन गर्न नेपाल टेलीकम गोरखा मार्फत प्रदेश टेलीकम कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

३) गण्डकी गाउँपालिका वडा नं. ५, ६, ७ र ८ का जनताहरुको वित्तिय कारोवार तथा गण्डकी गाउँपालिकावाट सन्चालन गर्ने योजनाहरुको आर्थिक कारोवार एवं सामाजिक सुरक्षा भत्ता व्यवस्थापन लगायत विषयमा वैकिङ कारोवारका लागि आवश्यक भएकोले गण्डकी गाउँपालिका वडा नं. ८ को सिउरेनीटारमा वैकको शाखा स्थापनाको लागि राष्ट्रिय वाणिज्य वैक केन्द्रीय कार्यालय काठमाण्डौ र गण्डकी गाउँपालिका वडा नं. ६ स्थित आग्रीडाँडा क्षेत्रमा काउण्टर स्थापना गरी आर्थिक कारोवार सन्चालनका लागि कृषि विकास वैक केन्द्रिय कार्यालय काठमाण्डौमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

४) गण्डकी गाउँपालिका भित्रका जनप्रतिनिधि तथा कर्मचारीहरुले आर्थिक वर्ष २०८१।०८२ मा प्राप्त गरेको सेवा सुविधाको विषयमा आजनै लेखा शाखा गई हेर्न वडा अध्यक्ष श्री तुलसी रेग्मी, वडा अध्यक्ष श्री राजु वावु भण्डारी र श्री तुल वहादुर गुरुङलाई तोक्ने निर्णय गरियो ।

५) गण्डकी गाउँपालिका पूर्वाधार तथा भवन नियमन शाखाका प्रमुख ईन्जिनियर श्री दिलिप खाँणको अध्ययन लगायतका कारणवाट गाउँपालिकाको कार्यसम्पादनमा कमी रहेको सम्वन्धमा आजको यस वैठकमा छलफल भयो । उक्त सम्वन्धमा तत्काल अर्को व्यवस्था नभएसम्म प्राविधिक शाखाको काम कारवाही अघि वढाउने जिम्मा सव इन्जिनियर श्री ओम प्रकाश शाहलाई दिने र योजना तथा जिन्सी शाखामा वडा नं ४ का वडा सचिव श्री विक्रम श्रेष्ठलाई ल्याई कार्यलयको कार्य व्यवस्थापन मिलाउने निर्णय गरियो ।

६) गण्डकी गाउँपालिकाको कार्यालयवाट मिति २०८१।१०।१३ गतेका दिन मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरामा दर्ता नं. ९७३ मा दर्ता गरिएको प्रशासनिक केन्द्र सम्वन्धी पत्रका सम्वन्धमा के भई रहेको छ सो सम्वन्धमा आवश्यक जानकारीका लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

७) गण्डकी गाउँपालिका वडा नं ६ स्थित गढैमा रहेको मोटरेवल पुलको मुखमा पहिरोको कारण क्षति पुग्न गएको र थप क्षति हुन गएमा गाउँपालिका र राजमार्ग जोडिने महत्वपूर्ण मार्ग अवरोध हुन जाने भएकोले उक्त पुलको मर्मत संभार गरि दिन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय पोखरामा पत्राचार गर्ने निर्णय गरियो ।

प्रतिलिपि प्रमाणित

गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोरखा

भुवन चापागाईं
प्रमुख प्रशासकीय अधिकृत